संघीय संसद

राष्ट्रिय सभा

सत्रौं अधिवेशन

बैठक-९

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १२:१९ बजे*
*बैठक स्थगित :०१:४३ बजे*

२०८१ फागुन १८ गते, आइतवार

संघीय संसद, राष्ट्रिय सभाको सत्रौं अधिवेशनको नवौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १२:१९ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गर्नुहुँदै, देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय सदस्य गोमा देवी तिमल्सिना**ले सहकारी पीडितले न्याय केहीले पाउने भन्ने प्रश्न गर्दै सरकारको ध्यानाकर्षण गराउनु भयो।

**माननीय सदस्य दुर्गा गुरुङ**ले कर्णाली प्रदेश मुगू जिल्लाको तामाखानी पुनः सञ्चालन गर्न सरकारसँग माग गर्नुभयो।

**माननीय सदस्य नर बहादुर विष्ट**ले १० औं राष्ट्रिय खेलकुदको म्याद सरीरहेको भन्दै समयमै गर्न सरकारको ध्यानाकर्षण गराउनु भयो।

**माननीय सदस्य नारायण दत्त मिश्र**ले आगलागीको समय आएको हुनाले नियन्त्रणमा सबै निकाय योजनावद्ध रुपमा तयार रहन आग्रह गर्नुभयो।

**माननीय सदस्य भुवन बहादुर सुनार**ले जग्गा तथा लालपुर्जा वितरणको विषय समान ढङ्गले गरिनु पर्ने कुरा जिकिर गर्नुभयो।

**माननीय सदस्य मदन कुमारी शाह (गरिमा)**ले KIIT विश्वविद्यालयबाट फर्किएका विद्यार्थीहरूको भविष्य सम्बन्धमा सरकारको धारणा माग गर्नु भयो।

**माननीय सदस्य सुरेश कुमार आलेमगर**ले भु.पु. गोरखा सैनिकहरूलाई वंशजको नागरिकताको निरन्तरतामा सरकारको ध्यानाकर्षण गराउनु भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले शून्य समयमा माननीय सदस्यले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय गृह मन्त्री रमेश लेखकले** आकस्मिक समय, शुन्य समय र विशेष समयमा माननीय सदस्यहरूले उठाउनु भएका विषयको जवाफ दिनका लागि बोल्न समय माग गर्नुभएकोमा समय उपलब्ध गराउदा माननीय मन्त्रीले जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाका विषयगत समितिमा रहनुहुने देहाय बमोजिमका माननीय सदस्यहरुको समिति हेरफेर गर्नुभयो।

(क) माननीय सदस्य कृष्ण बहादुर रोकायलाई संघीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिबाट विधायन व्यवस्थापन समितिमा,

(ख) माननीय सदस्य नारायणदत्त मिश्रलाई विधायन व्यवस्थापन समितिबाट संघीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिमा।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय उपप्रधानमन्त्री एवम् अर्थ मन्त्री विष्णुप्रसाद पौडेललाई **"प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त बैङ्किङ्ग कसुर तथा सजाय(दोस्रो संशोधन) विधेयक, २०८० माथि विचार गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय उपप्रधानमन्त्री एवम् अर्थ मन्त्री विष्णुप्रसाद पौडेलले प्रस्तुत गर्नु भएको **"प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त बैङ्किङ्ग कसुर तथा सजाय(दोस्रो संशोधन) विधेयक, २०८० माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ भएको जानकारी गराउदै, छलफलमा विधेयक र सो सम्बन्धी विधेयकका दफाहरूका सैद्धान्तिक पक्षमा मात्र छलफल गर्न सकिने व्यहोरा माननीय सदस्यहरूलाई जानकारी गराउनुहुँदा, भाग लिन कुनैपनि माननीय सदस्यबाट नाम प्राप्त भएन।

त्यसपछि, सम्माननीय अध्यक्षले **"प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त बैङ्किङ्ग कसुर तथा सजाय(दोस्रो संशोधन) विधेयक, २०८० माथि विचार गरियोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मतिले** स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **"प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त बैङ्किङ्ग कसुर तथा सजाय(दोस्रो संशोधन) विधेयक, २०८०"** माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने ब्यहोरा जानकारी गराउनु भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अजय कुमार चौरसियालाई विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित **"नेपाल कानून व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१ माथि छलफल गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभए संगै सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मतिले** स्वीकृत भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **"विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित नेपाल कानून व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१"** माथिको छलफल प्रारम्भ भएको जानकारी गराउनु हुँदै, छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरु तथा आनुषङ्गिक अन्य दफाहरुमा मात्र फलफल गर्न सकिने व्यहोरा माननीय सदस्यहरूलाई जानकारी गराउनुहुँदा, छलफलमा माननीय सुरेश कुमार आलेमगर, माननीय पदम बहादुर परियार, माननीय गंगा कुमारी बेलबासेले छलफलमा भाग लिनुभयो।

त्यसपछि, सम्मानन्नी अध्यक्षले **"विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित नेपाल कानून व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१ माथि छलफल गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुदै **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अजय कुमार चौरसिया**लाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले सभामा जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **"नेपाल कानून व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१"** का सम्बन्धमा विधायन व्यस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि १५ सम्म उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा, **सर्वसम्मति**ले स्वीकृत भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्मानन्नी अध्यक्षले **"नेपाल कानून व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१"** का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि १५ सम्म उल्लिखित संशोधनहरू **"नेपाल कानून व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१ को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले अङ्ग बनेको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले विधेयकको **दफा २ देखि २१ सम्म "नेपाल कानून व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१ को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा, सर्वसम्मतिले अङ्ग बनेको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले विधेयकको देहायबमोजीमको प्रस्तावना र नाम पढेर सुनाउनु भयोः

**"प्रस्तावनाः** नेपाल कानून व्यवसायी परिषद् ऐन,२०५० लाई संशोधन गर्न वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ।

**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"नेपाल कानून व्यवसायी परिषद् (दोस्रो संशोधन) ऐन,** २०८१" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।"

त्यसपछि, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम **"नेपाल कानून व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१ को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा, सर्वसम्मतिले **अङ्ग** बनेको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्क्षले **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अजय कुमार चौरसिया**लाई **"नेपाल कानून व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१ लाई पारित गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा, माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा, सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङ**लाई **"प्रतिनिधि सभाबाट संशोधन सहित फिर्ता आएको भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७६ का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधनमाथि छलफल गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा, माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङ**ले प्रस्तुत गर्नुभएको **"प्रतिनिधि सभाबाट संशोधन सहित फिर्ता आएको भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७६ का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधनमाथि छलफल गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ भएको जानकारी गराउनु हुँदै, यस क्रममा विधेयक उपर प्रतिनिधि सभाबाट भएको संशोधन र सोसँग सम्बन्धित आनुषंङ्गिक दफाहरूमाथि छलफल गर्न सकिने व्यहोरा जानकारी गराउनुहुँदा छलफलमा मा. डा. बेदुराम भुसाले भाग लिनुभयो।

त्यसपछि, सम्ममाननीय अध्यक्षले **सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङ**लाई छलफलमा उठेका विषयहरूको सम्बन्धमा जवाफ दिन समय उपलब्ध गराउनुहुँदा, माननीय मन्त्रीले जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङ**लाई **"प्रतिनिधि सभाबाट संशोधन सहित फिर्ता आएको भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७६ का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधनलाई सहमति गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा, माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङ**ले प्रस्तुत गर्नुभएको **"प्रतिनिधि सभाबाट संशोधन सहित**

**फिर्ता आएको भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७६ का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधनलाई सहमति गरियोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मतिले** सहमति भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय उपप्रधानमन्त्री एवम् अर्थ मन्त्री विष्णुप्रसाद पौडेल**लाई **"प्रतिनिधि सभाबाट संशोधन सहित फिर्ता आएको सुरक्षित कारोबार(पहिलो संशोधन) विधेयक, २०८० का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधनमाथि छलफल गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्ने समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय उपप्रधानमन्त्री एवम् अर्थ मन्त्री विष्णुप्रसाद पौडेल**ले प्रस्तुत गर्नुभएको **"प्रतिनिधि सभाबाट संशोधन सहित फिर्ता आएको सुरक्षित कारोबार(पहिलो संशोधन) विधेयक, २०८० का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधनमाथि छलफल गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ भएको जानकारी गाराउनु हुँदा, यस क्रममा विधेयक उपर प्रतिनिधि सभाबाट भएको संशोधन र सोसँग सम्बन्धित आनुषंङ्गिक दफाहरूमाथि छलफल गर्न सकिने व्यहोरा जानकारी गराउनुहुँदा, छलफलमा भाग लिन कुनैपनि माननीय सदस्यबाट नाम प्राप्त भएन।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय उपप्रधानमन्त्री एवम् अर्थ मन्त्री विष्णुप्रसाद पौडेल**लाई **"प्रतिनिधि सभाबाट संशोधन सहित फिर्ता आएको सुरक्षित कारोबार(पहिलो संशोधन) विधेयक, २०८० का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधनलाई सहमति गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्ने समय उपलब्ध गराउनुहुँदा  माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय उपप्रधानमन्त्री एवम् अर्थ मन्त्री विष्णुप्रसाद पौडेल**ले प्रस्तुत गर्नुभएको **"प्रतिनिधि सभाबाट संशोधन सहित फिर्ता आएको सुरक्षित कारोबार(पहिलो संशोधन) विधेयक, २०८० का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधनलाई सहमति गरियोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा, **सर्वसम्मतिले** सहमति भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारी**लाई **"प्रतिनिधि सभाबाट संशोधन सहित फिर्ता आएको विद्युतीय व्यापार विधेयक,२०८० का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधनमाथि छलफल गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्ने समय उपलब्ध गराउनुहुँदा माननी मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारी**ले प्रस्तुत गर्नुभएको **"प्रतिनिधि सभाबाट संशोधन सहित फिर्ता आएको विद्युतीय व्यापार विधेयक,२०८० का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधनमाथि छलफल गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै, यस क्रममा विधेयक उपर प्रतिनिधि सभाबाट भएको संशोधन र सोसँग

सम्बन्धित आनुषङ्गिक दफाहरूमाथि छलफल गर्न सकिने व्यहोरा जानकारी गराउनुहुँदा, छलफलमा भाग लिन कुनैपनि माननीय सदस्यबाट नाम प्राप्त भएन।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारी**लाई **"प्रतिनिधि सभाबाट संशोधन सहित फिर्ता आएको विद्युतीय व्यापार विधेयक,२०८० का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधनलाई सहमति गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा, माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारी**ले प्रस्तुत गर्नुभएको **"प्रतिनिधि सभाबाट संशोधन सहित फिर्ता आएको विद्युतीय व्यापार विधेयक,२०८० का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधनलाई सहमति गरियोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा, **सर्वसम्मतिले** सहमति भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अजय कुमार चौरसिया**लाई **"प्रतिनिधि सभाबाट संशोधन सहित फिर्ता आएको विधायन सम्बन्धी विधेयक, २०८० का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधनमाथि छलफल गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा, माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अजय कुमार चौरसिया**ले प्रस्तुत गर्नुभएको **"प्रतिनिधि सभाबाट संशोधन सहित फिर्ता आएको विधायन सम्बन्धी विधेयक, २०८० का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधनमाथि छलफल गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदा, यस क्रममा विधेयक उपर प्रतिनिधि सभाबाट भएको संशोधन र सोसँग सम्बन्धित आनुषङ्गिक दफाहरूमाथि छलफल गर्न सकिने व्यहोरा जानकारी गराउनुहुँदा, छलफलमा भाग लिन कुनैपनि माननीय सदस्यबाट नाम प्राप्त भएन।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अजय कुमार चौरसिया**लाई **"प्रतिनिधि सभाबाट संशोधन सहित फिर्ता आएको विधायन सम्बन्धी विधेयक, २०८० का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधनलाई सहमति गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा, माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अजय कुमार चौरसिया**ले प्रस्तुत गर्नुभएको **"प्रतिनिधि सभाबाट संशोधन सहित फिर्ता आएको विधायन सम्बन्धी विधेयक, २०८० का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधनलाई सहमति गरियोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा, **सर्वसम्मतिले** सहमति भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले देहायको शोक प्रस्ताव प्रस्तुत गर्नुभयोः-

संविधानसभा सदस्य विदुर प्रसाद सापकोटाको निधन भएकोमा निम्न लिखित शोक प्रस्ताव प्रस्तुत गर्दछुः

"वि.सं. २०२३ साल भदौ १५ गते मण्डन देउपुर नगरपालिका वडा नं. ७ नौबिसे, काभ्रेमा जन्मनु भएका संविधान सभा सदस्य **विदुर प्रसाद सापकोटा**को ५९ वर्षको उमेरमा मिति २०८१ साल फागुन ८ गते निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

हाल नेपाल कम्युनिष्ट पार्टि (एकिकृत समाजवादी) मा आबद्ध स्वर्गीय सापकोटा नेपाल कम्युनिष्ट पार्टी (एमाले)को तर्फबाट २०७० सालको संविधानसभा निर्वाचनमा काभ्रे जिल्ला निर्वाचन क्षेत्र नं. ४ बाट निर्वाचित संविधानसभा सदस्य हुनुहुन्थ्यो।

यो बैठक स्वर्गीय **सापकोटा**प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।"

त्यसपछि, सम्माननीय अध्यक्षले उपरोक्त शोक प्रस्तावलाई पारित गरिदिनु हुन अनुरोध गर्नुहुँदा, सर्वसम्मतिले पारित भएको घोषणा गर्नुहुँदै, संविधान सभा सदस्य **विदुर प्रसाद सापकोटा**को निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गराउनुभयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८१ साल फागुन २२ गते बिहीबार अपराह्न १ बजेर १५** मिनेटमा बस्नेगरी बैठक स्थगित भएको जानकारी गराउनुभयो।

(पद्मप्रसाद पाण्डेय)

महासचिव